# करैयामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

करैया, बारा

मधेश प्रदेश, नेपाल

## हाट बजार ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८०।०२।३१**

यस गाउँपालिकाले आ.व.०८०/०८१ मा आफ्नो क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमका बजारहरुको तपशिल बमोजिमको शर्त र अधिनमा रहि हाट बजार बैठकी कर (बहाल बिटौरी शुल्क) संकलन गर्न बढी बढाउमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, संस्था वा कम्पनीहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी १६ औ दिन (बिदा परेमा कार्यालय खुलेको दिन) को १२:०० बजे भित्र गाउँ कार्यपालिकाको कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्न सूचना प्रकाशित गरिएको छ ।

१. **न्युनतम ठेक्का रकम निम्नानुसार रहनेछ ।**

| क्र.सं. | हाट बजार लाग्ने स्थान | न्यूनतम ठेक्का अंक | कैफियत |
|---|---|---|---|
| १ | मधुवन बजार (वडा नं.१) | ८०,०००।०० | भ्याट समेत |
| २ | गालोपटी बजार (वडा नं.३) | २०,०००।०० | भ्याट समेत |
| ३ | लौतन बजार (वडा नं.४) | २०,०००।०० | भ्याट समेत |
| ४ | तेतरीया बजार (वडा नं.५) | ४०,०००।०० | भ्याट समेत |
| ५ | उमजन बजार (वडा नं.७) | १५,०००।०० | भ्याट समेत |
| ६ | बारा बजार (वडा नं.७) | २०,०००।०० | भ्याट समेत |
| ७ | नरही बजार (वडा नं.८) | ७०,०००।०० | भ्याट समेत |

२. यो ठेक्काको अवधी आर्थिक बर्ष २०८०/०८१ (२०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्त सम्म) १ बर्षको लागि हुनेछ ।

३. शिलबन्दी दरभाउपत्रको फारम करैयामाई गाउँपालिकाको कार्यालयबाट कार्यालय समय भित्र रु.१०००।०० (अक्षरुपी एक हजार मात्र) तिरी (पछी फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ । कार्यालय प्रमुखले प्रमाणीत गरी कार्यालयको छाप लगाई बितरण गरिएको फारमलाई मात्र मान्यता दिईनेछ । एकवटा फारम एक स्थानको लागि मात्र दरभाउपत्र पेश गर्न सकिने भएकोले एउटै ब्यक्ती, फर्म वा संस्थाले फरक फरक स्थानकोलागि दरभाएपत्र पेश गर्न चाहेमा फरक फरक फारम भरी पेश गर्नु पर्नेछ ।

४. ठेक्का लिन ईच्छुक ब्यक्ती भएमा निजको नागरिकताको प्रतिलिपी, फर्म वा संस्था भएमा नविकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर/मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी दरभाउपत्रको साथमा आफुले कबोल गरेको अंकको ५(पाँच) प्रतिशत रकम धरौटी बापत करैयामाई गाउँपालिकाको नाममा कुमारी बैंक लि.मधुवन शाखामा रहेको धरौटी खाता नं.२६१०२४७२८७३००००४ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

६. पेश हुन आएका दरभाउपत्र १६औ दिन दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधको रोहवरमा वा उपस्थित अन्य ब्यक्तीहरुको रोहवरमा पालिका कार्यालयमा खोलिनेछ ।

७. दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र समय सिमा भित्र खोल्न बाधा पर्ने छैन ।

**अन्य जानकारीको लागि गाउँपालिका कार्यालयमा सम्पर्क राख्न हुन वा कार्यालयको वेवसाईटमा हेर्न सक्नु हुनेछ ।**